ग्लोबल वैदेशिक रोजगार टेवा कर्जा

Global IME Bank

# ग्लोबल वैदेशिक रोजगार टेवा कर्जाबारे बारम्बार सोधिने प्रश्नहरू:

### १. ग्लोबल वैदेशिक रोजगार टेवा कर्जा भनेको कस्तो कर्जा हो ?

ग्लोबल वैदेशिक रोजगार टेवा कर्जा भनेको वैदेशिक रोजगारीको लागि विदेश जान लाग्नु भएका नेपाली नागरिकहरूलाई टेवा दिनका निम्ति ग्लोबल आइएमई बैंकले ल्याएको कर्जा सुविधा हो ।

### २. यस कर्जाका लागि को को योग्य हुन्छन् ?

२१ वर्ष माथिका वैदेशिक रोजगारीका लागि विदेश जाने तयारीमा रहेका सबै नेपाली नागरिक यस कर्जा योजना लागि योग्य हुनेछन् ।

### ३. यस कर्जाका लागि न्यूनतम आवश्यकता के के छ त ?

वैदेशिक रोजगारीको सिलसिलामा मलेसिया, युएई, साउदी अरेबिया, कतार, कुवेत, ओमान, जोर्डन, जापान र दक्षिण कोरिया लगायतका देश जान इच्छुक व्यक्तिहरूले निम्न सर्तहरू पूरा गरेको खण्डमा यस कर्जाको लागि आवेदन दिन सक्नेछन् ।

क. ऋण लिन इच्छुक व्यक्तिको नाममा ग्लोबल आइएमई बैंकमा बचत खाता भएको हुनु पर्ने

ख. आइएमई पे वालेटमा रजिस्टर भएको हुनु पर्ने र सो ग्लोबल आइएमई बैंकमा रहेको बचत खातासंग लिंक गरेको हुनु पर्ने

ग. राहदानीको म्याद नसकिएको हुनु पर्ने

घ. श्रम स्वीकृति लिएको हुनु पर्ने

### ४. ग्लोबल वैदेशिक रोजगार कर्जाका विशेषता के के हुन् ?

यस कर्जाको सीमा रू. ५०,००० देखि रू. १५०,०००/- सम्म वैदेशिक रोजगारीका निम्ति जान लागेको देश अनुसार दिइनेछ ।

### ५. देश अनुसारको कर्जा सीमा भन्नाले के कस्तो हो ?

यस कर्जा अन्तर्गत मलेसिया, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, ओमान र जोर्डन जस्ता देशहरूमा वैदेशिक रोजगारका लागि जानेहरूका लागि रू. ५०,००० सम्म र जापान र दक्षिण कोरियामा वैदिशक रोजगारका लागि जानेहरूका लागि रू. १५०,००० सम्मको कर्जा सीमा तोकिएको छ ।

### ६. यो कर्जा कस्तो र कति समयको लागि प्रदान गरिनेछ ?

यो बिना धितो प्रदान गरिने अवधिक कर्जा हो । कर्जा स्वीकृत भए पश्चात एकमुष्ठ कर्जा रकम प्रदान गरिन्छ र यसको भुक्तानी समय अधिकतम १८ महिना सम्मको रहन्छ ।

### ७. यसको भुक्तानी मासिक किस्ताबन्दीमा हुन्छ कि त्रैमासिकमा ?

यस कर्जाको भुक्तानी समान त्रैमासिक किस्तामा हुनेछ । अर्थात ऋण लिएको तीन-तीन महिनामा ग्राहकले यसको भुक्तानी गर्नुपर्ने छ ।

### ८. यस कर्जाको ब्याज दर कति छ ?

यस कर्जाको वार्षिक १२.८०% को स्थिर ब्याजदर हुनेछ । तर ऋणको भुक्तानी तोकिएको समयमा नभएको खण्डमा ब्याजमा २% जरिवाना लाग्नेछ ।

### ९. यो ऋणमा सुविधा लिन कस्तो धितो चाहिन्छ ?

चाहिँदैन, ग्लोबल वैदेशिक रोजगार टेवा कर्जा भनेको बिना धितो प्रदान गरिने कर्जा सुविधा हो ।

### १०. यो ऋण कसरी लिन सकिन्छ ?

यसका लागि ग्राहकले आइएमई पे एप डाउनलोड गरी एपबाटै सरल प्रक्रिया द्वारा बैंकसम्म नगइकनै ऋण प्राप्त गर्न सक्नेछन् ।

### ११. यो कर्जाको के भौगोलिक प्राथमिकता छ ?

मधेश प्रदेश र लुम्बिनी प्रदेशका ग्राहकहरूलाई यस कर्जा सुविधामा विशेष प्राथमिकता प्रदान गरिनेछ ।

### १२. यो कर्जा चुक्ता गर्न के गर्नुपर्छ ?

यो कर्जा लिए पश्चात हरेक तीन-तीन महिनामा समान त्रैमासिक किस्ताबन्दीमा रेमिट्यान्स मार्फत आफ्नो ग्लोबल आइएमई बैंकमा रहेको बचत खातामा पठाउँदा स्वतः कर्जा भुक्तानी हुने व्यवस्था गरिएको छ । अथवा आइएमई पे वालेट बाटै पनि पठाउन सकिन्छ । साथै यस कर्जालाई अग्रिम भुक्तानी पनि गर्न सकिन्छ । अग्रिम भुक्तानी गर्दा कुनै थप शुल्क लाग्दैन ।

### १३. यो कर्जा नतिरेमा के हुन्छ ?

यो ग्लोबल आइएमई बैंकले विशेष प्राथमिकताका साथ वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकहरूलाई टेवा दिनका निम्ति ल्याएको अद्वितीय कर्जा हो । तर यो ऋण नतिरेको खण्डमा त्यस्ता ग्राहकहरूलाई बैंकले कालो सूचीमा राख्न सक्नेछ जसका कारण भविष्यमा बैंकिङ कारोबार गर्नबाट वन्चित हुने लगायतका परिणाम आउन सक्छन् ।